संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल बैशाख ३ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरूले ढ्यापढ्याप गरी समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकामा विद्युत लाईन विस्तार गर्ने क्रममा नेपाल विद्युत प्राधिकरणको कर्मचारीलाई भारतीय सुरक्षाकर्मीले रोकेको, कास्की जिल्लाको पोखरा महानगरपालिका-१५ स्थित सिताराम हाउजिङ नजिकै सेती खोँचमा खसेर १२ वर्षिय बालिकाले ज्यान गुमाउनु परेकोले यस्तो क्षति न्यूनिकरण गर्न उल्लिखित जोखिम क्षेत्र वरपर तारबार लगाएर सुरक्षित बनाउनु पर्ने, वि.पि. लोकमार्गमा घुमाउरो बाटोको कारणले धेरै दुर्घटना हुने गरेकोले उपयुक्त ठाउँमा सुरुङ मार्ग बनाउनु पर्ने, चिकित्सा शिक्षाको स्नातकोत्तर तर्फको विद्यार्थी भर्ना प्रक्रिया सच्याउनु पर्ने, पाल्पा, लमही र स्याङजाको डायलाईसिस सेन्टरहरुमा सरकारले तत्काल रकम पठाइनु पर्ने, नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउने प्रयासमा संलग्नलाई कारवाहीको दायरामा ल्याइनु पर्ने, काठमाडौंमा बढ्दो वायु प्रदूषणले गर्दा श्वासप्रश्वास सम्बन्धी रोगहरू बढेको, मृगौला पिडित वृद्ध एकल महिलाको धितोको घरजग्गाको लिलामी रोकेर बैंकबाट लिएको ऋणको व्याज मिनाहा गरिनु पर्ने, संसदको बैठकमा उपस्थित सदस्यहरुले हाजिर जनाएर वैठकबाट छाडेर निस्कने प्रवृत्ति हटाउन बैठक सकिए पछि हाजिर गर्ने व्यवस्था मिलाउनु पर्ने, राष्ट्रिय परिचयपत्रमा आवद्ध नागरिकको विवरण रुजु गर्न निजी कम्पनीलाई ठेक्का दिएको, भुकम्प पीडितहरु स्थायी बसोबासबाट वञ्चित भएको, ठेक्का अवधि सकिदाँसम्म पनि सिन्धुली जिल्लाबाट कटारी निस्कने निर्माणाधिन बाटो सम्पन्न नभएको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरूले आ-आफ्नो भनाई राख्नु भयो:-

१. मा० श्री तारा लामा तामाङ
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री लेख नाथ दाहाल
४. मा० डा० तोसीमा कार्की
५. मा० श्री ठाकुर गैरे
६. मा० श्री मेटमणि चौधरी
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रोसन कार्की
९. मा० श्री हरि ढकाल
१०. मा० श्री चित्र बहादुर के.सी.
११. मा० श्री ईश्वर वहादुर रिजाल
१२. मा० श्री श्याम कुमार घिमिरे

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री मनिष झा
४. मा० श्री महेश कुमार वर्तौला
५. मा० श्री माधव सापकोटा
६. मा० श्री मैना कार्की
७. मा० श्री मंजु शर्मा अन्सारी
८. मा० श्री रघूजी पन्त
९. मा० श्री रण कुमारी बलम्पाकी मगर
१०. मा० श्री रन्जु कुमारी झा
११. मा० श्री रमा कोईराला पौड्याल
१२. मा० श्री राजु थापा
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री राम कुमार राई
१५. मा० श्री राम कृष्ण यादव
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री रुक्मणी राणा बराइली
१८. मा० श्री रुपा वि.क.
१९. मा० श्री रेखा यादव
२०. मा० श्री लक्ष्मी तिवारी
२१. मा० श्री लिला देवी वोखिम (लिम्बू)

तत्पश्चात प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले “अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, २०७७” र “भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, २०७७” का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आकस्मिक, शून्य र विशेष तीनवटै समयमा बोल्नको लागि माननीय सदस्यको नाम प्राप्त भएमा परिस्थिति हेरेर व्यवस्थापन गर्ने गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको मिति २०७९ चैत्र २९ गतेको बैठकमा गणपुरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत गर्न बाँकी रहेको राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७" माथि संशोधन पेश गर्न चाहने माननीय सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त सभाले पूर्व सदस्य तेजमान तुम्वाहाम्फेको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो:

> "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०१५ सालको आम निर्वाचनमा धनकुटा जिल्लाको साविक क्षेत्र नं. २६ बाट निर्वाचित सदस्य, प्रजातन्त्र स्थापना तथा पुनर्स्थापनाका आन्दोलनहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका तेजमान तुम्वाहाम्फेको ९७ वर्षको उमेरमा मिति २०७९ साल चैत २४ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत तेजमान तुम्वाहाम्फेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर अर्को बैठक २०८० साल बैशाख ५ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०२:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव